# गल्याङ नगरपालिका रुख काट्ने मेसिन (चेनस) परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि - २०७९

**प्रस्तावाना**

नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन ,२०७४ ले निर्दिष्ट गरेको स्थानियतहको अधिकार क्षेत्रभित्रका विधिन्न विकास निर्माण एवं कृषि सम्बन्धि कार्यक्रम अन्तर्गत बाँदर नियन्त्रण, विपद व्यवस्थापन तथा आकस्मिक एवं कार्यालयले आवश्यक ठानेको परिस्थितिमा परिचालन गर्ने गरि गल्याङ नगरपालिकाले रुख काट्ने मेसिन (चेनस) परिचालन तथा व्यवस्थान सम्बन्धि कार्यविधि-२०७९ जारि गरेको छ |

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नाम" गल्याङ नगरपालिका रुख काट्ने मेसिन (चेनस) परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि -२०७९" रहेको छ |

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ |

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) "नगरपालिका" भन्नाले गल्याङ  नगरपालिका सम्झनुपर्नेछ|

ख) "कार्यालय "भन्नाले गल्याङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्नेछ |

ग) "वडा "भन्नाले गल्याङ नगरपालिकाका सबै वडाहरु सम्झनुपर्नेछ |

घ) "कार्यविधि" भन्नाले गल्याङ नगरपालिका कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७९ सम्झनुपर्दछ |

ङ) उपकरण भन्नाले रुख काट्ने मेसिन (चेनस) लाइ सम्झनुपर्नेछ |

**३. उद्देश्य :**

क) बाँदरको आश्रय स्थल बाँस एवं अन्य बुट्यानहरु हटाउन |

ख) विपत्तिको अवस्थामा विपदको क्षति न्यूनीकरण गर्न

## परिच्छेद—२
## उपकरण परिचालन प्रक्रिया

४. **उपकरणपरिचालनगर्नेप्रक्रियातथामर्मतगर्नेसम्बन्धिव्यवस्था** : उपकरण परिचालन गर्ने प्रक्रिया तथा मर्मत गर्ने सम्बन्धि व्यवस्था देहाय बमोजिमको हुनेछ-

क. उपकरण परिचालन तथा मर्मत सम्बन्धि मुख्य जिम्मेवारी जिन्सी शाखाको हुनेछ |

ख. उपकरण प्रयोग गर्न इच्छुक समिति, समूह, सहकारी एवं संस्थाहरुले सम्बन्धित वडा कार्यालयको सिफारिस सहित **अनुसूची १** बमोजिमको ढाँचामा **अनुसूची-२** बमोजिमको कागजात सहित निवेदन पेश गर्नुपर्नेछ |

ग. खण्ड (ख) बमोजिम उपकरण प्रयोग गर्न माग प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा सम्बन्धित शाखा मार्फत निजहरुको आवस्यकता र औचित्यको आधारमा समय मिलाई उपलब्ध गराउनु पर्नेछ ।

घ. खण्ड (ग) बमोजिम उपकरण उपलब्ध गराउदा १ हप्ता नबढ्ने गरि दिन तोकी उपलब्ध गराउनुपर्नेछ ।

ङ. उपकरण उपलब्ध गराउँदा रजिस्टरवाला बुक खडा गरी रेकर्ड राखेर मात्र उपलब्ध गराउनुपर्नेछ ।

च. उपकरण प्रयोग भएको स्थलमा उपकरणमा कुनै प्रकारको हानी नोक्सानी भएमा वा दुरपयोग गरेमा समितिले तोकिए बमोजिम तिर्न लगाउन सक्नेछ|

छ. समयमै उपकरण नबुझाउने, सम्झौता एवं कार्यविधि विपरित काम गराउने संस्था, समूह, समितिहरुलाइ उपकरण उपयोगमा बन्देज लगाइने छ । कार्यालयले यस्ता संस्था, समूह, समिति, एवं व्यक्तिको अभिलेख राख्नेछ ।

ज. उपकरण परिचालन गर्ने प्रक्रिया तथा मर्मत गर्ने सम्बन्धि अन्य व्यबस्था चेनस परिचालन तथा व्यवस्थापन समितिले निर्णय गरे अनुसार हुनेछ ।

**५. चेनस परिचालन तथा व्यवस्थापन समिति :** चेनस परिचालन तथा व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको एक समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत संयोजक

ख. सम्बन्धित वडाको अध्यक्ष सदस्य

ग. जिन्सी शाखा प्रमुख सदस्यसचिव

## परिच्छेद — ३
## विविध

६. **संसोधन**ः यस कार्यविधिको संसोधन आवश्यकता अनुसार कार्यपालिकाले गर्न सक्नेछ ।

७. **प्रचलित कानुन लागु हुने** : यस कार्य विधिमा उल्लेख भएका बिषयहरु यसै कार्यविधि अनुसार तथा अन्य विषयहरु सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

अनुसूची १ को

निवेदनको ढांचा

मितिः

श्रीमान प्रमुख प्रशासकीयअधिकृतज्यु
गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा ।

विषयः-

उपरोक्त सम्बन्धमा गल्याङ नगरपालिकाको चेनस उपकरण निम्नानुसारको प्रयोजनको लागी आवश्यक परेको हुँदा आवश्यक कागजात यसै साथ संलग्न राखी यो निवेदन पेश गरेकोछु/छौ ।

प्रयोगको किसिमः
कटान गरिने रुखको प्रकारः
रुखको सम्भावित संख्या :
प्रयोग हुने स्थानः
समयावधि : ............देखि .............सम्म......... दिन/ घण्टा

<u>निवेदक</u>

नामः
हस्ताक्षरः
पदः
संस्था
सम्पर्क नं.

| <u>कार्यालय प्रयोजनको लागि</u> | |
|---|---|
| माग भए बमोजिमको.......................नं.को चेन स मेसिन निवेदकलाई उपलब्ध गराउन उपयुक्त देखि पेश गरेको छु । | |
| .............................. | .......................... |
| पेश गर्ने | स्वीकृत गर्ने |

**अनुसूची-२**

**निवेदन साथ आवश्यक पर्ने कागजातहरु**

निवेदकको नागरिकताको प्रतिलिपि

क. संस्थाको निर्णयको प्रतिलिपि

ख. वडा कार्यालयको सिफारिस

ग. प्रास्तावित ढांचामा निवेदन